**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मिति: २०८३।०३।०४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीका कार्यालय सहयोगी राम कुमार बोहराले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी जागिर खाएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज राम कुमार बोहराले नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा मिति २०६९।०८।०१ गतेदेखि लागू हुने गरी रा.प. अनंकित तृतीय श्रेणी सरहको रंगमञ्च सहायक पदको (स्थायी) राष्ट्रसेवक ओहदा पाउन तरूण मा.बि. बालाजुको सेन्टअप (कक्षा १०) को mark Sheet र Transfer Certificate लगायतका योग्यता सम्बन्धी झुट्टा विवरण एवं सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरी रंगमञ्च सहायक पदमा कार्यरत रही ओहदा, लाभ र सुविधासमेत प्राप्त गरिरहेको निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने